आज मिति २०७४।४।१७ गतेका दिन राप्ती सोनारी गाउँकार्यपालिका को बैठक अध्यक्ष श्री लाहुराम थारु को अध्यक्षता मा निम्न उपस्थितिमा बसि निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | | अध्यक्ष |
| श्री धनी कुमारी खत्री | | उपाध्यक्ष |
| श्री चन्द्र बहादुर वली | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मदन कुमार वली | २ नं. " | " |
| श्री गंगाराम थारु | ३ " " | " |
| श्री कान्छा थारु | ४ " " | " |
| श्री झगरु थारु | ५ " " | " |
| श्री जनक बहादुर थारु | ६ " " | " |
| श्री राम लखन थारु | ७ " " | " |
| श्री रुद्र बहादुर बस्नेत | ८ " " | " |
| श्री महावीर वली | ९ " " | " |
| श्री दमकला जोशी | | " |
| श्री नैनी कुमारी खत्री | | " |
| श्री मीना कुमारी विष्ट | | " |
| श्री लिला नेपाली | | " |
| श्री देवराज कुमाल | | " |
| श्री पतरी दमाई | | " |
| श्री भरत कुमार मल्ल | | कार्यकारी अधिकृत |

## प्रस्तावहरु

**प्रशतावहरु :**

१. नमुना कानुन एवं कार्यविधी पारित गर्ने सम्बन्धमा
२. विषयगत समितीहरु गठन सम्बन्धमा
३. राजस्व परामर्श समिती गठन सम्बन्धमा
४. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिती गठन सम्बन्धमा
५. बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन सम्बन्धमा
६. बजेट तथा योजना तर्जुमा कार्यतालिका निर्धारण सम्बन्धमा

**निर्णयहरु :**

यस राप्ती सोनारी गाउँ कार्यपालिकाको निर्वाचन सम्पन्न भई सककोले यस गाउँपालिकाको आ.व २०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट गाउँ सभा मार्फत स्वीकृत गर्न स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ मा व्यवस्था भए बमोजिमका विभिन्न समितीहरुको गठन , आवश्यक कार्यविधी पारित तथा विभिन्न चरणहरुको बजेट तथा योजना तर्जुमा कार्यतालिका निर्धारण लगायतका क्रियाकलाप सहित देहाय बमोजिमका निर्णयहरु गरियो ।

नि .नं.१. प्रश्ताव नं १ माथी छलफल गर्दा स्थानीय तहको कामकारवाहीलाई विधीसम्मतरुपले अघि बढाउनका लागी निश्चित नियमावली ,कार्यविधीहरुको आवश्यकता महसुस गर्दै नेपाल सरकारबाट प्राप्त तपसील बमोजिमका नमूना कानूनहरु यस गाउँकार्यपालिकाको बैठकबाट पारित गर्दै लागु गर्ने निर्णय गरियो ।

१.१ गाउँ कार्यपालिका (कार्यसम्पादन ) नियमावली २०७४

१.२ गाउँकार्यपालिका कार्यविभाजन नियमावली २०७४

१.३ गाउँपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधी) नियमावली २०७४

नि. नं २ प्रश्ताव नं २ माथी छलफल गदा यस गाउँ कार्यपालिकाले कार्यपालिकामा निर्णयको लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकता अनुसार राय,सल्लाह र सुझाव लिनका लागि गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली २०७४ को दफा १५ मा व्यवस्था गरिए अनुसार तपसीलका

समितिहरु गठन गर्ने साथै देहाय बमोजिमका पदाधिकारीहरु रहने गरि गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मत निर्णय गरियो ।

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
(ख) आर्थिक विकास समिति
(ग) सामाजिक विकास समिति
(घ) पूर्वाधारविकास समिति
(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति
(च) बिधेयक समिति

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति:

संयोजक - लीला नेपाली
सदस्य - राम लखन थारु
सदस्य - देवराज कुमाल

ख) आर्थिक विकास समिति

संयोजक - खुम बहादुर बस्नेत
सदस्य - चन्द्र बहादुर वली
सदस्य - नैना कुमारी खत्री

ग) सामाजिक विकास समिति

संयोजक - जनक बहादुर थारु
सदस्य - नैना कुमारी खत्री
सदस्य - देवराज कुमाल

(घ) पूर्वाधारविकास समिति

संयोजक -महावीर वली
सदस्य - मीना कुमारी विष्ट
सदस्य -मदन कुमार वली

(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति

संयोजक - कान्छा थारु
सदस्य - झगरु थारु
सदस्य -पतरी कुमारी दमाई

च) बिधेयक समिति
संयोजक - गंगाराम थारु
सदस्य - मदन कुमार वली
सदस्य - दमकला जैसी

२.१ विषयगत समितीहरुको काम कर्तव्य र अधिकार गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली २०७४ मा व्यवस्था भए अनुसार हुने निर्णय गरियो ।

नि.नं ३ स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्व को अनुमान गर्ने प्रयोजनका लागी स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफ २.१.१ अनुसार एक राजस्व परामर्श समिती गठन गर्ने साथै उक्त समितीमा देहाय बमोजिमका पदाधिकारीहरु रहने सर्वसम्मत निर्णय गरियो ।

संयोजक- गा.पा उपाध्यक्ष धनी कुमारी खत्री
सदस्य - कार्यकारी अधिकृत भरत कुमार मल्ल
सदस्य - नैना कुमारी खत्री
सदस्य - राम लखन थारु
सदस्य -
सदस्य -
सदस्य-सचिव - राजस्व शाखा प्रमुख दिपक कार्की

३.१ राजस्व परामर्श समितीको काम कर्तव्य र अधिकार स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफ २.१.२ मा उल्लेख भए बमोजिम हुने निर्णय गरियो ।

नि. नं. ४ प्रश्ताव ४माथी छलफल गर्दा स्थानीय तहमा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सो को सन्तुलित वितरणको खाका तयार गर्न स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा २.२.१ अनुसार एक श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने साथै उक्त समितीमा देहाय बमोजिमका पदाधिकारीहरु रहने सर्वसम्मत निर्णय गरियो ।

संयोजक- गा.पा अध्यक्ष लाहुराम थारु
सदस्य - गा. पा उपाध्यक्ष धनी कुमारी खत्री
सदस्य - कार्यकारी अधिकृत भरत कुमार मल्ल
सदस्य - देवराज कुमाल
सदस्य - लीला नेपाली
सदस्य - मीना कुमारी विष्ट
सदस्य-सचिव - योजना शाखा प्रमुख दिपक कार्की

४.१ श्रोत अनुमान तथा बजेट सीमा निर्धारणसमितीको काम कर्तव्य र अधिकार स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा २.२.२ मा उल्लेख भए बमोजिम हुने निर्णय गरियो ।

नि.नं. ५ प्रश्ताव नं. ५ माथी छलफल गर्दा श्रोत अनुमान तथा बजेट सीमा निर्धारणसमितीबाट तयार भएको आयको प्रक्षेपण र वितरणको खाकामा आधाति भई स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा २.३.१ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गर्ने साथै उक्त समितीमा देहाय बमोजिमका पदाधिकारीहरु रहने सर्वसम्मत निर्णय गरियो ।

संयोजक- गा. पा उपाध्यक्ष धनी कुमारी खत्री
सदस्य - लीला नेपाली
सदस्य - जनक बहादुर थारु
सदस्य - महावीर वली
सदस्य - मदन कुमार वली
सदस्य - खुम बहादुर बस्नेत
सदस्य - कान्छा थारु
सदस्य सचिव - कार्यकारी अधिकृत भरत कुमार मल्ल

५.१ बजेट तथा कार्यक्रम तर्जुमा समितीको काम कर्तव्य र अधिकार स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा २.३.२ मा उल्लेख भए बमोजिम हुने निर्णय गरियो ।

नि.नं. ६ प्रश्ताव न.६ माथी छलफल गदा यस राप्ती सोनारी गाउँपालिका को आ.व २०७४/०७५ का निम्ती वार्षिक नीती कार्यक्रम तथा बजेट तर्जुमा गर्नका निम्ती स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ अनुसार देहाय बमोजिमको योजना तर्जुमा समय तालिका निर्माण गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्य विवरण | आ.व. २०७४०७५ का लागी | अन्य आ.व का लागी | कैफियत |
|---|---|---|---|---|
| १. | संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने( राजस्व परामर्श समितीको बैठक) | श्रावण ४ | असार २ | |
| २. | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | श्रावण ७ | वैशाख ३० | |
| ३. | बस्ती टोल स्तरबाट योजना छनौट | श्रावण ८- १४ | जेठ १५ | |
| ४. | वडा स्तरीय योजना प्राथमिकीकरण | श्रावण १५ | जेठ २५ | |
| ५. | बजेट तथा कार्यक्रम तर्जुमा समितीबाट बजेट तथा कायक्रम तयारी | श्रावण १७ - २० | असार १५ | |
| ६. | गाउँकार्यपालिकाको बैठकबाट बजेट तथा कायक्रम स्वीकृती गरी सभामा पेश गर्ने | श्रावण २१ -२२ | असार १५ | |
| ७. | गाउँसभाको बैठकमा बजेट तथा कायक्रम स्वीकृती | श्रावण २५- २६ | असार ३० | |